भाग ४

श्री ५ को सरकार

सामान्य प्रशासन मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले मिति २०४४।३।१० को निर्णयानुसार देहायका अधिकृतहरूलाई राष्ट्रिय पञ्चायत सेवाबाट नेपाल प्रशासन सेवामा सेवा परिवर्तन गरी मिति २०४४।६।२४ को निर्णयानुसार देहायबमोजिम पदस्थापन गरेको छ ।

क्र.सं	नाम र थर	साबिक पद र कार्यालय	हाल पदस्थापन भएको पद र कार्यालय
१.	श्री बुद्धरत्न शाक्य	सह-सचिव, राष्ट्रिय पञ्चायत सचिवालय	राजपत्राङ्कित प्रथम श्रेणी, (सह-सचिव स्तर) सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह ।
२.	श्रीमती मिना रोक्का	उपसचिव, राष्ट्रिय पञ्चायत सचिवालय	राजपत्राङ्कित द्वितीय श्रेणी, (उपसचिव स्तर) सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह ।

सूचना २

श्री ५ को सरकारले मिति २०४४।६।२४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणी, निर्माण तथा यातायात मन्त्रालयका सह-सचिव श्री भोजराज पोखरेललाई मन्त्रिपरिषद् सचिवालयको सह-सचिव पदमा सरुवा गरेको छ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।